नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

# विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई नेपाल राजपत्रको भाग ३ खण्ड ७४) मिति २०८१ चैत्र १८ गतेको अतिरिक्ताङ्कमा "भूमि सम्बन्धी (बीसौं संशोधन) नियमहरु, २०८१" प्रकाशित भएको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।

"भूमि सम्बन्धी (बीसौं संशोधन) नियमहरु, २०८१" ले भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२क. बमोजिम परेको निवेदन छानविन गर्ने तथा सोही ऐनको दफा ५९क.बमोजिम सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गरेकोले यस मन्त्रालयको माननीय मन्त्रिस्तरको निर्णय अनुसार साविकमा जारी भएका "भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२क. बमोजिम परेको निवेदन छानविन गर्न बनेको कार्यविधि, २०७७" र "सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७" नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०८२।०१।०७ को निर्णयानुसार खारेज गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।

मिति :२०८२।०२।०८
नेपाल सम्वत् ११४५

(दामोदर वाग्ले)
सहायक प्रवक्ता